विषयः बोलपत्रको सम्पूर्ण खरिद कारबाही रद्द गरिएको सम्बन्धमा।

(प्रकाशित मितिः २०८३/०७/१८)

यस विश्वविद्यालयबाट **Construction, Renovation, Interior Decoration, Furnishing, Supply & Installation Works for University Conference Hall सम्बन्धी कार्यका लागि आव्हान गरिएको बोलपत्र (IFB नं.:LTU/W/NCB-01/083/084)** को मूल्यांकन गर्दा मूल्यांकन समितिको मिति २०८३/०७/१६ गतेको निर्णय अनुसार केही बोलपत्रदाताहरूले पेश गरेको बोलपत्रमा सबै वस्तुको दर हुबहु उस्तै देखिएको, र औसत अङ्कको सबैभन्दा नजिक रहेका बोलपत्रदाताहरूको कबोल रकम समेत ठ्याक्कै बराबर आएको हुँदा उक्त बोलपत्रदाताहरूले स्वतन्त्र रूपमा प्रतिस्पर्धात्मक बोलपत्र पेश गरेको नदेखिई आपसमा मिलेमतो गरी बोलपत्र पेश गरेको देखिएको छ। सार्वजनिक खरिद ऐन, २०६३ को दफा ६२ को उपदफा (२) ले बोलपत्रको मूल्य कृत्रिम वा गैरप्रतिस्पर्धात्मक रूपमा निर्धारण गर्ने वा सार्वजनिक निकायलाई खुला र निष्पक्ष प्रतिस्पर्धाको लाभबाट वञ्चित गर्ने गरी मिलेमतो वा समूहबन्दी गर्न नहुने व्यवस्था गरेको छ भने सोही ऐनको दफा २६ को उपदफा (६) बमोजिम मिलेमतोबाट बोलपत्र पेश गरेको प्रमाणित भएमा त्यस्तो बोलपत्र अस्वीकृत गर्नुपर्ने र दफा २६ को उपदफा (१) बमोजिम सार्वजनिक निकायले बोलपत्र वा खरिद कारबाही रद्द गर्न सक्ने व्यवस्था रहेको छ। उल्लिखित कानुनी व्यवस्था तथा बोलपत्र कागजातमा उल्लिखित शर्त बमोजिम मूल्यांकन समितिको सोही निर्णय अनुसार उक्त कार्यका लागि आव्हान गरिएको बोलपत्रको सम्पूर्ण खरिद कारबाही रद्द गरिएको छ। ऐनको दफा २६ को उपदफा (३) बमोजिम सबै बोलपत्रदाताहरूको जानकारीका लागि यो सूचना कारण सहित प्रकाशित गरिएको छ।

साथै, उक्त कार्यका लागि बोलपत्र अब eGP को नयाँ प्रणाली bolpatra.gov.np बाट पुनः आव्हान गरिने व्यहोरा सम्बन्धित सबै इच्छुक बोलपत्रदाताहरूको जानकारीका लागि अनुरोध गरिन्छ।

नि. प्रमुख